# सुदूरपश्चिम विश्वविद्यालय
# कृषि विज्ञान संकाय
# डीनको कार्यालय
## टीकापुर, कैलाली

**स्नातक तह चौथो वर्ष आठौं सत्रान्तको परिक्षा दिने परिक्षार्थीहरुको परिक्षा आवेदन फारम भर्ने सम्वधी जरुरी सूचना**

**सूचना प्रकाशित मिति: २०८२।०३।०५**

सुदुरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकाय टीकापुर कैलालीद्धारा वि.सं. २०८२ सालमा सञ्चालन हुने सेमेस्टर प्रणालीमा सञ्चालित कृषि स्नातक तह (B. Sc. Ag.) आठौं सत्रान्तको नियमित तथा आंशिक परिक्षा दिने परिक्षार्थीहरुले निम्न विवरण अनुसार परिक्षा आवेदन फारम भरि मिति २०८२ साल आषाढ २० गते सम्म स्कूल अफ एग्रीकल्चरमा वुझाउनु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

१. आंशिक परिक्षार्थिले गत सालको सोही खण्डको परिक्षा दिएको रोल नंम्वर र वर्ष फारमको निर्दिष्ट ठाँउमा अनिवार्य लेख्नुपर्नेछ ।
२. आवेदन फारम परिक्षार्थी स्वयंले भरि वुझाउनु पर्नेछ ।
३. फारम भर्दा सुदुरपश्चिम विश्वविद्यालको नियमावली (स्विकृत विषय) तथा पाठ्यक्रमले तोके वमोजिम विषयहरु मात्र भर्नु भराउनु पर्नेछ । अन्यथा भएमा कृषि विज्ञान संकाय डीन कार्यालय टीकापुर, कैलाली जवाफदेही हुने छैन ।
४. परिक्षा दिने शैद्धान्तिक र प्रयोगात्मक विषय छुट्याई विषय कोड नंम्वर सहित पुरा नाम स्पस्ट खुलाएर लेख्नुपर्नेछ ।
५. स्कूल अफ एग्रीकल्वर शैक्षिक प्रशासन शाखाले फारम वुझाउनु अगाडी आन्तरिक मुल्यांकनको परिक्षामा उतिर्ण विद्यार्थीहरुका मात्र फारम वुझि विद्यार्थिले भरेका प्रत्येक फारमहरु अंग्रेजी वणार्नुक्रम अनुसार स्पस्ट लगत राखि विद्यार्थीको नाम र रजिष्ट्रेसन नंम्वर ठिक भए नभएको रुजु गर्नुपर्ने छ ।
६. आवेदन फारम स्कूल अफ एग्रीकल्वरको शैक्षिक प्रशासन शाखावाट प्राप्त गर्न सकिने छ ।
७. परिक्षार्थीले हालसालै खिचेको २ प्रति एकनासको पासपोर्ट साइजको फोटो टाँसी फोटो र फारममा समेत पर्ने गरि स्कूल अफ एग्रीकल्चर प्रमुखको हस्ताक्षर हुनुपर्नेछ ।
७. आवेदन फारम भर्ने विद्यार्थीले कृषि विज्ञान संकाय डीन कार्यालयको टीकापुरमा रहेको नेपाल वैक लिमिटेड शाखा कार्यालयको चल्ती खाता नं. १०७००१०६५५३९२५००००01 मा एकमुष्ट परिक्षा दस्तुर रकम जम्मा गर्नुपर्नेछ र वैक भौचर सगै परिक्षा फारम अनिवार्य रुपमा स्कूल अफ एग्रीकल्वर शैक्षिक प्रसासन शाखामा वुझाउनु पर्नेछ ।
८. साधारण म्याद सकिएको ५ दिन भित्र दोब्वर दस्तुर लिई फारम वुझिने छ ।
९. परिक्षा शुल्क स्नातक तहको लागि प्रति सेमेष्टर रु ८००।- लाग्नेछ ।
१०. प्रयोगात्मक शुल्क प्रति विषय रु २००।- का दरले लाग्नेछ ।
११. थप जानकारीको लागि कृषि विज्ञान संकाय डीन कार्यालय वा स्कूल अफ एग्रीकल्वर शैक्षिक प्रशासन शाखा टीकापुर कैलालीमा सम्पर्क राख्न सकिने छ ।
१२. परिक्षा दिन पाउने अवधी सम्वन्धमाः सुदुरपश्चिम विश्वविद्यालय परिक्षा व्यवस्थापन तथा सञ्चालन कार्यविधी २०७८ अनुसुची २ को नियम १० (क) मा "चारवर्षे शैक्षिक कार्यक्रमका विद्यार्थीले पहिलो पटक परीक्षामा सम्मिलित भएको वर्षवाट आठ वर्ष भित्र पाठ्यक्रमले तह पुरा गर्न तोकेको सम्पुर्ण आवश्यकताहरु पुरा गरि सक्नुपर्ने छ ।

२०८२।०३।०५

डीन
कृषि विज्ञान संकाय
टीकापुर, कैलाली

फोन नं. ०९१-५६०८२४ e-mail & web site : dean.agriculture@fwu.edu.np
Central Office: Mahendranagar, Kanchanpur Ph. No.: 099-520727 Website: www.fwu.eud.np, Email: info@fwu.edu.np

CamScanner